# दिप्रुङ चुइचुम्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
याङसोलाटार, खोटाङ
कोशी प्रदेश, नेपाल

प.स.२०८१/०८२ मिति:२०८१/०८/१४
सूचना नं. 30 "हाम्रो परिकल्पना: समृद्ध दिप्रुङ चुइचुम्मा"

## सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/१४)**

यस कार्यालयको मिति २०८१/०७/३० गतेको गाउँ कार्यपालिकाको छयालिसौं बैठकको निर्णयानुसार देहाय बमोजिमको पद/सेवा/समूह/तहमा सेवा करार गरी कर्मचारी पदपूर्ती गर्नुपर्ने भएकोले यस सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तोकिएको शर्तहरूभित्र रही दरखास्त पेश गर्न हुन सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहाय

| विज्ञापन नं. | पद | सेवा/समूह/तह | माग | न्यूनतम शैक्षिक योग्यता | दस्तुर (ने. रू.) |
|---|---|---|---|---|---|
| ०४/२०८१/०८२ | अ.सबईन्जिनियर | ईन्जिनियरिङ्ग सेवा/सिभिल समूह/चौथो तह | ३ जना | मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उतीर्ण गरी सम्बन्धित विषयमा तालिमप्राप्त वा प्राविधिक शिक्षालयबाट सम्बन्धित विषयमा टि.एस.एल.सी उतीर्ण | ५००/- |

१. सेवाको किसिमः सेवा करार

२. दरखास्तका साथ संलग्न गर्नुपर्ने कागजातहरूः
   - शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
   - पासपोर्ट साइजको फोटो (३ प्रति)
   - कार्य अनुभव भए समयावधि खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

३. उमेरको हदम्यादः १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग भएका उम्मेदवारको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

४. तलब तथा करार अवधिः गाउँपालिकासँग हुने करार सम्झौतामा उल्लेख भए बमोजिम।

५. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः सानिमा बैंक, दिप्रुङ शाखा, ओखेमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०७१०१००४००००१४ (GA 1.1 ANTARIK RAJASHWO KHATA)मा जम्मा गरी उक्त भौचर दरखास्त फारमका साथ पेश गर्नुपर्नेछ।

६. दरखास्त फारम बुझाउने स्थानः दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन, योजना तथा अनुगमन शाखा अथवा यस कार्यालयको ईमेल ठेगाना ito.diprungmun@gmail मार्फत समेत आवश्यक कागजातहरू PDF बनाई मर्ज गरी आवेदन साथ ईमेल गर्न सकिनेछ।

७. परीक्षाको किसिमः लिखित, प्रयोगात्मक र मौखिक।

८. पाठ्यक्रमको रूपरेखाः स्थानीय तह अन्तर्गतका प्राविधिक तर्फ ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह,चौथो तह, असिष्टेण्ट सब-ईन्जिनियर पदको प्रतियोगितात्मक परीक्षाको स्वीकृत पाठ्यक्रममा आधारित हुनेछ।

९. परीक्षा सम्बन्धी जानकारीः पछि प्रकाशन गरिनेछ।

१०. थप जानकारीको लागिः सम्पर्क नं. ९८४३४२१९२६

११. आवदेन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ।

(नोटः दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नुपर्नेछ।)

२०८१/०८/१४

(पिएस्पी चाम्लिङ राई)
नि. प्रमुख प्रशासकीय अधिकृत